जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ७६ २०८१ साल असोज ३० गते बुधबार (16 Oct. 2024 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : 'जटिल डेङ्गु' निम्त्याउन सेक्त. ३ पृष्ठमा : चाडपर्वसँगै हराउँदै ... ३ पृष्ठमा : कूटनीतिज्ञ निष्कासनपछि भारत-क्यानाडा ...

# सप्तरीका १० वटा स्थानीय तहले शिक्षकहरुलाई दिएन तलव तथा चाडपर्व भत्ता




**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

सप्तरीका १० वटा स्थानीय तहले शिक्षकहरूलाई तलब तथा चाडपर्व भत्ता उपलब्ध गराएनन् । ती पालिकाहरूले शिक्षकहरूलाई साउनदेखिको तलब भत्ता उपलब्ध नगराएका हुन् ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका अनुसार १२ जिल्लाका ३९ वटा पालिकाले संघीय सरकारले पठाएको पैसा समेत तलब नदिई रोकेका हुन् ।

**"राजविराज नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, बोदेबरसाईन नगरपालिका, तिरहुत गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, विष्णुपुर गाउँपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका, रुपनी गाउँपालिका र राजगढ गाउँपालिकाले शिक्षकहरुलाई तलब भत्ता दिएन ।"**

सबैभन्दा बढी मधेस प्रदेशका स्थानीय तहहरूले तलब भत्ता नपाएको देखिन्छ । त्यसमा पनि सप्तरीकै १० वटा स्थानीय तह छन् ।

जिल्लाको राजविराज नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, बोदेबरसाईन नगरपालिका, तिरहुत गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, विष्णुपुर गाउँपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका, रुपनी गाउँपालिका र राजगढ गाउँपालिकाले शिक्षकहरुलाई तलब भत्ता उपलब्ध गराएन् ।

यस्तै धनुषाको ९, रौतहटको ५, पर्सा र महोत्तरीको ४/४ र सिरहाको १ वटा तथा बागमती र कर्णालीको २/२ र एक वटा सुदुरपश्चिम प्रदेशका स्थानीय तहले पनि शिक्षकहरुलाई तलब भत्ता दिएन ।

संघीय सरकारबाट उपलब्ध सशर्त अनुदान अनुसार स्थानीय तहहरूले समयमा नै तलब भत्ता वितरण गर्नुपर्ने हुन्छ । तर, हालसम्म ती पालिकाहरूले शिक्षकहरूको चाडपर्व खर्च तथा नियमित तलब भत्ता निकासा गरेनन् । जसले गर्दा शिक्षक कर्मचारीहरू समयमा नै तलब भत्ता प्राप्त गर्ने अधिकारबाट वञ्चित भएका छन् ।

कतिपयमा आपसीको द्वन्द्वका कारण समेत शिक्षकहरूले तलब पाएका छैनन् । यसअघि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले असोज १६ गते परिपत्र गर्दै शिक्षकहरूलाई मासिक रूपमा तलब दिने व्यवस्था मिलाउन भनेको थियो ।

चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन कार्यविधिमा समेत शिक्षकहरूलाई मासिक रूपमा तलब भत्ता भुक्तानीको व्यवस्था मिलाउने भन्ने थियो । सोही आधारमा मासिक रूपमा तलब भत्ता भुक्तानीको व्यवस्था मिलाउन सबै स्थानीय तहलाई भनेको थियो । तर, विभिन्न कारण देखाउँदै पालिकाहरू शिक्षकलाई मासिक रूपमा तलब भत्ता दिनबाट पछि हट्ने गरेको देखिन्छ ।

यता शिक्षा तथा मानव स्रोत विकास केन्द्रले भने मासिक रूपमा तलब भत्ता उपलब्ध गराउने विषयमा केन्द्रको तर्फबाट कुनै समस्या नरहेको रातोपाटी अनलाइनले जनाएको छ ।

# चिसो बढ्दै, आवश्यक सतर्कता अपनाउन अनुरोध

काठमाडौँ, २९ असोज (रासस) ।

देशमा अहिले मनसुन बाहिरिएर 'पोस्ट' मनसुन चलिरहेको छ । सँगसँगै पछिल्ला दिनमा पश्चिमी वायुका साथै स्थानीय वायुको प्रभावले मुलुकका कतिपय स्थानमा बदली र वर्षा भइरहेको छ । मनसुन सकिएर पोष्ट मनसुन चलिरहेकाले क्रमशः चिसो बढ्दै गएको मौसमविद्ले बताएका छन् । यही असोज ११ र १२ गतेको अविरल वर्षापछि मौसम सुधार आएको छ ।

गत असोज २७ गते नेपालबाट मनसुन पूर्ण रुपमा बाहिरिएको थियो । खुला आकाश भएकाले दिउँसो घाम लागेपनि साँझ र बिहान निकै चिसो महसुस गरिएको छ । सङ्घीय राजधानी काठमाडौँ उपत्यकामा पछिल्लो एकसातामा चिसो क्रमिक रुपमा बढिरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् सञ्जिव अधिकारीका अनुसार यही असोज १५ गते काठमाडौँको न्यूनतम तापक्रम २० डिग्रिसेल्सियस हाराहारी रहेकामा त्यसको एकसातापछि अर्थात हिजो र मंगलबार न्यूनतम तापक्रम १६ डिग्रीहाराहारी कामय रहेको छ । "काठमाडौंमा चिसो निरन्तर रुपमा बढिरहेको छ", मौसमविद अधिकारीले भन्नुभयो, "पछिल्लो १५ दिनमा तापक्रम विस्तारै घट्दै गइरहेको छ ।"

महाशाखाको विवरणमा आइतबार काठमाडौँको न्यूनतम तापक्रम १४ दशमलव ७ डिग्रिसेल्सिय पुगेको थियो । सोमबार १६ डिग्रिसेल्सियस छ । काठमाडौँसहित देशका

*बाँकी अन्तिम पृष्ठमा*

## सभ्य रूपमा चाडपर्व मनाऔं

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# चिसोबाट बच्न र बचाउन पूर्व तयारी आवश्यक

चिसो मौसमको आवागमन बिस्तारै सुरु हुँदैछ। गर्मी, वर्षापछि चिसो मौसमको आवागमन सुरु हुन लागेको हो। विगतका वर्षहरुमा चिसो मौसमका कारण गरिब, निमुख्खा जनताले अत्याधिक कष्टर जिवन बिताउनु परेको थियो। खासगरी यस मौसममा गरिब तथा विपन्न वर्गका मानिसहरु बढी मारमा पर्ने गरेका छन् भने वृद्धवृद्धा तथा बालबालिकालाई पनि यस मौसमले बढी कष्ट हुने गर्दछ।

मौसममा आउने परिवर्तनसँगै रुघाखोकी, निमोनिया र झाडापखाला जस्ता रोग समेत देखिन्छ। चिसोबाट जोगिन पूर्वतयारी पनि उत्तिकै आवश्यक छ। यसका लागि सप्तरीका विपन्नहरुको जीवनस्तरलाई सामान्य बनाउन विभिन्न सरकारी तथा गैरसरकारीबाट अहिलेदेखी नै पहल थाल्न आवश्यक छ।

चिसोयाम आउनु पूर्व नै यसका दुष्परिणामहरुबाट जोगाउन सरकारी तथा गैरसरकारी स्तरबाट उपाय अबलम्बन गर्न सकिए अवस्थामा सुधार आउन सक्छ। तसर्थ जिल्ला दैवी प्रकोप व्यवस्थापन समिति, रेडक्रस, स्थानीय तह समेतको समन्वयकारी भूमिकाबाट गरिब तथा विपन्नहरुको अवस्था सुधार्न सकिन्छ। चिसो मात्र नभएर अन्य विपद्बाट जोगिन आवश्यक उपायका साथै पूर्व तयारी गर्नु अति आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'जटिल डेङ्गु' निम्त्याउन सक्ने पूर्वसंकेतहरू

**डा शेरबहादुर पुन**
काठमाडौँ, २९ असोज (रासस)।

बिदाको दिन सामान्यतय म तरकारी किन्न तरकारी बजार जाने गर्दछु। अनि फर्कदा सार्बजनिक गाडीमा/बसमा फर्कने गर्दछु। केही दिनअगाडि मेरो ठीक पछाडिको सिटमा एक जोडी ज्वरो अनि टाउको/जीउ असाध्य दुखेको, खानामा अरुचि भएको भन्दै कुरा गर्दै थिए। अर्कोले भन्दै थियो सायद डेङ्गु पो हो कि ? भोलि चिकित्सकसँग परामर्श गरेर रगतको जाँच गराउनु पर्ला भन्दै बिरामीले भन्दै थिए। त्यस्तै अस्ति बिहानै कोठाको झ्यालबाहिर दुई व्यक्ति (सायद बिहानी हिँडाइमा थिए) ज्वरो अनि जीउ दुखेको भन्दै डेङ्गु लागेको शङ्का गर्दै थिए। यसबाट हाल समुदायमा डेङ्गु फैलिएको देखिन्छ।

डेङ्गु सुरुवा रोग हैन तर यो लामखुट्टेको टोकाइबाट सर्ने र फैलने गर्छ। डेङ्गु लक्षणहरूका बारेमा चर्चा हुने गरेको देखिए तापनि अधिकांश सङ्क्रमितहरू लक्षण बाकेर नै आफ्नो कार्यक्षेत्रमा खटिरहेका पनि देखिन्छन्। कतिपय भने घरमा नै आराम गरेर स्वास्थलाभ गरिरहेका अवस्था छ। डेङ्गुका लक्षणहरूका बारेमा धेरै सुनेको र व्यापक प्रचार भएको पनि देखिन्छ तर जटिलता निम्त्याउन सक्ने सङ्केतहरूका बारेमा भने कमैलाई थाहा भएको देखिन्छ। सन् २०२२ मा अधिकांश डेङ्गुबाट मृत्यु भएकाहरू भर्ना हुँदा नै जटिल डेङ्गु लिएर आएका तथ्याङ्क देखिन्छ तर हामीले विगतमा देखिएका कमीकमजोरीबाट सिकेर आगामी दिनहरूमा डेङ्गुको मृत्युदरलाई घटाउने कोसिस गर्नुपर्दछ। यसर्थ डेङ्गु मृत्युदर वा जटिलता घटाउने एक मुख्य उपायमध्ये 'जटिल डेङ्गु' का पूर्वसङ्केतहरूका बारेमा थाहा पाउनु पनि आवश्यक छ।

अधिकांश डेङ्गु सङ्क्रमितमा सुरुमा 'फेब्राइल फेज' देखिने गर्दछ। यसमा मुख्यतयाः टाउको दुख्ने, जीउ दुख्ने, जोर्नी वा मांसपेशीका दुख्ने र खाना खान पटक्कै मन नलाग्ने हुन्छ। त्यस्तै, ज्वरो आउने, आँखाको गेडी दुख्ने वा खस्लाजस्तो हुने, शरीरमा स-साना राता बिमिराहरू देखिने, पखाला लाग्नेजस्ता समस्या पनि देखिने गर्दछ। कतिपयलाई खोकी पनि लागेको देखिन्छ। तर खोकी डेङ्गुको कारणले हो वा फ्लू भाइरसले गर्दा हो भनेर छुट्याउने गरेको भने देखिँदैन। वास्तवमा हाल फ्लूको सिजन पनि हो भने कोभिडको सङ्क्रमण पनि सँगसँगै देखिएको छ। 'फेब्राइल फेज' औसतमा झन्डै आठदेखि १० दिनमा देखिने गर्दछ। ज्वरो घटेको २४ देखि ४८ घण्टा बिरामीमा 'जटिल डेङ्गु' देखिने सक्ने सम्भावना प्रबल रहन्छ।

'जटिल डेङ्गु'का पूर्वसङ्केतहरू के के हुन् त ?

तारन्तार बान्ता हुनु,

असाध्य पेट दुख्नु,

नाक वा गिजाबाट रगत बग्नु,

बेचैनी हुनु वा अत्यन्त कमजोर हुनु आदि।

माथि उल्लिखित लक्षण वा सङ्केतहरू घरमा सङ्क्रमित भएर बसिरहेको बेला देखिन वा थाहा पाउन सकिन्छ। तसर्थ, यस्ता सङ्केतहरू देखिए तुरुन्त स्वस्थ केन्द्र वा अस्पतालमा जानुपर्दछ। अस्पतालमा जाँच गर्दा थप सङ्केतहरू देखिने गर्दछ। परीक्षणबाट कलेजो आकार बढेको वा सुन्निएको तथा छाती वा पेटमा पानी भए/नभएको थाहा हुन्छ। रगतको जाँच गर्दा प्लेटेलेट्स तीव्र गतिमा घट्नु र हेमाटोकृत बढेको देखन्छ। डेङ्गुको सङ्क्रमण भएको बिरामीलाई कमजोरी अनुभव हुन्छ। डेङ्गु लागेपछि रगतमा प्लेटलेट्सको सङ्ख्या तीव्र रूपमा घट्न थाल्छ। यस्तो अवस्थामा औषधिका साथसाथै खानपान र सही दिनचर्या आवश्यक हुन्छ।

सन् २०२२ सालमा काठमाडौँमा देखिएको डेङ्गु प्रकोपले सबैभन्दा धेरै मानिसको ज्यान लिएको थियो। यो प्रकोपलाई कोभिड-१९ को घातक लहरहरूभन्दा खासै फरक महसुस नगरे वा तुलना गरिएको थियो। काठमाडौँका लागि सन् २०१९ पछिको दोस्रो ठूलो प्रकोप (धेरैलाई अस्पताल आउनुपर्ने बाध्यता गराएको कारण) थियो। अनि नेपालको इतिहासमा नै 'घातक डेङ्गु' वर्षका रूपमा मैले सन् २०२२ लाई लिएको थिएँ। यसमा विशेषतः ज्येष्ठ नागरिक अनि दीर्घरोगीहरू जस्तै उच्चरक्त चाप, मधुमेह र श्वास-प्रश्वासको सङ्क्रमण भएका व्यक्तिहरू बढी डेङ्गुको जटिलताबाट मृत्यु भएका थिए। मनसुनको समयमा डेङ्गु सँगसँगै देखिने अरू सङ्क्रामक रोगहरूले डेङ्गु लक्षणलाई थप जटिल बनाउन सहयोगी भूमिका खेल्ने विभिन्न अध्ययनहरूको नतिजाले देखाएको छ।

नेपालमा डेङ्गु सँगसँगै चिकुनगुनिया भाइरस, स्क्रब टाइफस, फ्लूजस्ता थप सङ्क्रमणहरू फैलने गर्दछ। यसर्थ, ज्येष्ठ नागरिक, सह-सङ्क्रमित वा उच्च रक्तचाप, मधुमेह र श्वास-प्रश्वास (दीर्घ वा हालै सङ्क्रमित भएको अवस्था) समस्या भएका व्यक्तिहरूले 'जटिल डेङ्गु' का पूर्वसङ्केतलाई कुनै वा देखिनु नै पर्छ भन्ने छैन। यस्तो अवस्थामा चिकित्सकको निरन्तर सम्पर्कमा रही आफ्नो स्वास्थ अवस्थाका बारेमा जानकारी लिनु अति बुद्धिमानी हुनेछ। डेङ्गुबाट बच्नु भनेको यस्ता लामखुट्टेको टोकाइबाट बच्नु नै हो। किनभने यसको टोकाइ एवं सङ्क्रमण निकै घातक हुन सक्छ।

दसैँ अगाडि डेङ्गुले गति लिँदै गइरहेको अवस्था थियो। दसैँलगत्तै अस्पतालमा जाँदा डेङ्गु पुष्टि भएका बिरामीहरूको सङ्ख्या अझ बढ्दै गइरहेको पाइएको छ। यसबाट दिनमा नै दर्जनौँ डेङ्गु भाइरस पुष्टि हुने क्रमले निरन्तरता पाइरहेको अवस्था देखिन्छ। हुन त काठमाडौँ मात्र नभई देशका विभिन्न ठाउँहरूमा डेङ्गुले व्यापक प्रभाव पारेको जानकारीहरू आउने क्रम जारी छ। डेङ्गुको यो रफ्तारमा सम्भवतः तत्काल रोकिने सम्भावाना अत्यन्त न्यून देखिन्छ।

चाखलाग्दो कुरा के छभने अधिकांश डेङ्गु सङ्क्रमितहरू लक्षण लिएर घरघरमा बसिरहेको वा कार्यक्षेत्रमा निरन्तर खटिरहेका देखिन्छन्। अझ भनौँ धेरै मानिस 'वाकिङ डेङ्गु'को अवस्थामा रहेको देखिन्छ। 'वाकिङ डेङ्गु' भन्नाले डेङ्गु सङ्क्रमित भई निरन्तर आफ्नो दैनिकीलाई निरन्तरता दिइरहेको अवस्थालाई भन्न खोजेको हो। चाडपर्वमा मान्छेहरू यसको लक्षणलाई नजरअन्दाज गर्दै आउजाउ, भेटघाट गरिरहेका छन्। किनभने डेङ्गुको सामान्य लक्षण आम समस्यासँग मिल्दोजुल्दो हुन्छ। यस्तो अवस्थामा मान्छेहरू सामान्य समस्या ठानेर आफूखुसी औषधिसमेत खाँदै हिँड्डुल गरिरहेका हुन्छन्। जब समस्या जटिल बन्दैन, तबसम्म उनीहरू अस्पताल पुग्दैनन्।

अधिकांशलाई डेङ्गुको लक्षण देखिएको ८-१० दिनमा स्वास्थ्यमा सुधारोन्मुख देखिन्छ भने केहीमा डेङ्गुले जटिल अवस्था सिर्जना गर्न सक्दछ। तसर्थ 'जटिल डेङ्गु' का पूर्वसङ्केतहरू सङ्क्रमितले थाहा पाउन अति आवश्यक देखिन्छ र सो देखिए तुरुन्त चिकित्सकसँग सम्पर्क गर्न सक्छन्। हाल डेङ्गु सङ्क्रमणको लहर रोक्न विभिन्न कारणले गर्दा चुनौती रहेको भए तापनि 'जटिल डेङ्गु' का पूर्वसङ्केतलाई ध्यान दिनसक्ने हो भने डेङ्गुबाट हुनसक्ने मृत्युदरलाई उल्लेखनीय सङ्ख्यामा कम गर्न सकिन्छ। हालसम्म रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमा डेङ्गु के हो, कसरी सर्छ र यसका लक्षणहरूका बारेमा जानकारीहरू दिने गरेको देखिए तापनि अबको प्रचारप्रसार तथा जानकारीहरू 'जटिल डेङ्गु' का पूर्वसङ्केतका बारेमा केन्द्रित हुनुपर्ने देखिन्छ। यसबाट डेङ्गुबाट हुने मृत्युदरलाई उल्लेखनीय रूपमा कम गर्न सकिनेछ। यो नै अहिलेको प्रमुख आवश्यकता र सघन माग पनि हो। *(लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुनुहुन्छ)*

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी

# चाडपर्वसँगै हराउँदै मौलिकता

**रामकुमार एलन**
काठमाडौं, २९ असोज (रासस)।

हाम्रा चाडपर्वहरू बदलिएका छन्। यद्यपि यसको मानक बदलिएको छैन। दसैं, तिहार, छठलगायत पर्वहरूले देशव्यापी आकार लिइरहँदा पर्वका खास महत्व र गरिमा पर्वसँग जोडिएका मौलिकता भने हराउँदै गएका छन्, मेटिँदै गएका छन्। यसले हाम्रा चाडपर्व कर्मकाण्डीमा सीमित हुन थालेको देखिन्छ। चाडपर्व खागरी दसैं, तिहार आउँदा परिपाटी नै बनेको छ गाउँ जाने-फर्किने। बिस्तारै पर्वहरूको मानक यस्तैमा सीमित भइरहँदा पर्वका अर्थहरू पनि हराउँदै जाने अवस्था बनेको छ। पर्वको रौनक नै मेटिने सङ्केत गर्दैछ। एकातिर दसैं, तिहारजस्ता पर्वहरूमा जति प्रहार भइरहेका छन्, त्यसको खण्डन पनि भइरहको छैन भने अर्कातिर पर्व मनाउने नाममा मानकहरू किन महत्वपूर्ण छन्, यो हाम्रो सभ्यता र सम्पदा पनि हो भनेर नयाँ पुस्तामा पुस्तान्तरण गर्न सकिरहेका छैनौं। यसैले दसैं, तिहार विस्तारै सङ्कान्ति, मसान्तजस्तो सामान्य तिथिमा सीमित हुने अवस्था बन्दैछ।

दसैंबारे नकारात्मक हिसाबले चर्चा र आलोचना हुने गरेको छ। जस्तो, निम्छरालाई खाने चामल छैन, टीका लगाएर करोडको चामल खेर फालिएको छ, अनावश्यक बली देखाउने गरिएको छ। यसलाई नयाँ पुस्तामा पनि नेपालीको पहिलो चाडका रूपमा स्थापित गरिनुपर्छ भनेर चिन्तन् पनि हुन छाडेको छ। चाडपर्वका केही मौलिकताहरू विस्तारै हराउँदै गएका छन्।

**फूलपातीको हर्षबढाइँ**

बडादसैंमा घटस्थापनादेखि १५ दिन नै दैनिकजसो नयाँ देवीको पूजाआराधना गरिन्छ। जमराको महत्वलाई हामीले युवा पुस्तामा लगेका छैनौं। बरु अनेक फूल शिरमा सिउरेर भए पनि आशीष दिएर दसैंको औपचारिकता पूरा गरिरहेका छौं। जौको जमराको महत्वबारे चर्चा गर्न छाडेका छौं। हरेक दिन पुजिने देवीदेउताबारे पनि नयाँ पुस्तालाई रुचि र ज्ञान छैन। हामीले पनि यसको महिमा नयाँ पुस्तालाई बुझाउन चाहेका छैनौं। क्रमशः दसैंको सातौं दिन फूलपाती भित्र्याउने हर्कबढाइँ बडादसैंभित्र हराउँदै गएको एउटा महत्वपूर्ण कडी बन्ने गरेको छ। फूलपातीका दिन साँझ पूजापाठसहित फूलपाती भित्र्याउने दसैंको रौनक घट्दो छ। यसको पहिलो कारण अचेल फूलपातीका दिनसम्म कामकाजी युवा कार्यालयको काम सकेर बल्ल घर आउने चटारोमा हुन्छन्। घरमा छोरा, नाति नभएपछि एक्ला अभिभावकले फूलपातीको रौनक थेग्न सक्दैनन्, भित्र्याउन पनि सक्दैनन्। सन्तान नआएसम्म दसैं नलाग्ने हाम्रो गाउँघरमा फूलपातीका दिनसम्म घर नपुग्ने क्रम बढ्न थालेको धेरै भयो।

पहिलाजस्तो षष्ठीकै दिन छोरा, नाति बाहिरबाट घर आइपुग्थे र फूलपातीका दिन भव्यसँग हर्कबढाइँ हुन्थ्यो। अब त सन्तान नै महाअष्टमीका दिन पुग्न थाले। त्यसैले हर्कबढाइँका साथ फूलपाती भित्र्याउने पुस्ता गाउँमा छैन। गरिखाने वर्गजति सहर केन्द्रित हुनु परेकाले जमरा राख्ने काम त हुन्छ तर यसका सातौं दिनको फूलपाती भित्र्याउने संस्कार लोप हुँदैछ। बन्दुक पड्काएर जुन हर्कबढाइँ हुन्थ्यो, अचेल यस्तो हुँदैन। महाअष्टमीमा बडाघरमा हुने पूजा पनि हराउन थालेको छ। गाउँमा जम्मा भएकाहरू हतारमा टीकाका दिन साइतको टीका थापेर मावल र ससुराल जाने चटारो हुने गरेको यो वर्ष गाडी उस्तै अभाव थियो। गाउँका गाडी भरिभराउ थिए। टाढाको यात्राका लागि सहज थिएन। त्यसैले पनि गाउँ आएकाले साथीभाइ भेटघाट र खुशी साटासाट अनुभूत गर्न पाएनन्।

**पिङहरू गायब**

बडादसैं, तिहारमा गाउँमा रोटेपिङ हाल्ने, लिङ्गेपिङ हाल्ने संस्कार पनि विस्तारै हराउँदै गएको छ। गाउँका युवा व्यस्त हुँदा र गाउँमा युवा नहुँदाको परिणाम यस्ता कुराहरूमा देखिन थालेको छ। देश बाहिर गएका युवा पनि छोटो समयलाई आउने भएकाले गाउँमा चाडपर्वका कैयौं मौलिकता विस्तारै हराउँदै जान थालेका छन्। सबै भेला हुने, गाउँमा पिङ हाल्ने, नाचगान गर्ने, रातभर रोधी बस्नेजस्ता कार्यक्रम चाडपर्वको नियमिततभित्र पर्न छाडेका छन्। डिजिटल पुस्तालाई संस्कृतिबारे बताउने समय पनि नहुने गरी अभ्यस्त बनेका नेपालीले चाडपर्वको कैयौं मौलिकता मनाउन छाडेका छन् भन्दा पनि हुन्छ।

पहिलापहिला गाउँमा युवा क्लबले खर (बाबियो) काट्ने, सार्वजनिक चौरमा भेला भएर पयो हालेर पिङ बाट्ने, काठ काठेर पिङ हाल्ने काम गर्थे। अचेल गाउँ पुगेका युवा पुस्ताबीच चिनजानसमेत हुन छाडेको छ। गाउँको सामाजिक काममा धेरैको संलग्नता नै हुन छाडेको छ। बाटो सरसफाइ गर्ने, चौडा बनाउने काम गर्ने युवा अचेल गाउँमा छैनन्। सबै घरघरमा व्यस्त हुने गर्छन्। विस्तारै डिजिटल प्रणालीले युवा पुस्तालाई एक्ल्याएर सामाजिक कार्यमा समेत सामूहिकताबाट अलग गराउन थालेको छ। यसको असर चाडपर्वहरूमा पिङ हराउन थालेको छ। गाउँका चौरमा रोटेपिङ, लिङ्गेपिङ मच्चिन छाडेका छन्। केही भूगोलमा हालिएका पिङहरू सामाजिक सञ्जालमा भाइरल पो भइरहेका छन्।

**बिर्सन थालियो मठमन्दिरका महिमा**

पछिल्लो समय चाडपर्वमा घर आउने पुस्तालाई गाउँघरका धार्मिक मठमन्दिरमा किन पूजापाठ हुन्छ भन्ने चासो पनि हुन छाडेको छ। चाडपर्वका बेला विभिन्न शक्तिपीठमा पूजाआराधना हुने गरेका छन्। तिनको आफ्नै धार्मिक महत्व छ। तर धर्मप्रति घट्दो रुचि र पुरानो पुस्ताले पनि यस्ता शक्तिपीठप्रति कम चासो जगाउने गरेकाले नयाँ पुस्तालाई आफ्नै आसपासका धार्मिक मठमन्दिरप्रति कुनै रुचि छैन। मठमन्दिर पछिल्लो समय वश पर्यटकीय केन्द्रका रूपमा परिचित हुँदै गएका छन्।

मन्दिरमा दर्शन भन्दा प्रदर्शन गर्ने होड चलेको देखिन्छ। जुन मन्दिरमा गएका छन्, त्यो मन्दिरको महत्व भन्दा बढी त्यहाँ घुमघाम र फोटो खिच्नमै युवा पुस्ता रमाउने गरेका छन्। यसैले मठमन्दिरको महिमा पनि चाडपर्वको दैनिकीबाट विस्तारै हराउँदै गएको छ। हामी बदलिने नाममा मौलिकता बिर्सिरहेका छौं। सभ्यता भुलिरहेका छौं। चाडपर्वलाई हामीले फरक बनाउने नाममा योसँग जोडिएका मौलिकता सकाउँदै गइरहेका छौं।

**हराएको चङ्गा**

शारदीय वायुमा चङ्गा उडाउन सहज हुन्छ। चङ्गा उडाउनु रमाइलो वा मनोरञ्जन मात्र होइन। विजय र वर्चश्वको बोध गरेर उड्ने चङ्गा जीवन दर्शन पनि हो। उमङ्गको प्रतीक हो। चङ्गाको आविष्कार चीनमा इशापूर्व तेस्रो शताब्दीमा भएको हो। विश्वमै पहिलो चिनियाँ दार्शनिक हुआङ थेगले चङ्गा बनाएका थिए। यस हिसाबले हेर्दा चङ्गाको इतिहास दुई हजार तीन सय वर्ष पुरानो छ।

नेपालमा भने 'वर्षा र सहकालका देवता ईन्द्रसमक्ष खेतीबालीको लागि हामीलाई पानी पुग्यो' भन्ने सन्देश पुऱ्याउन चङ्गा उडाउने प्रचलन शुरु भएको भन्ने छ। धागोले बाँधिएर लट्टाईबाट नियन्त्रण गरिने चङ्गा अनेक मान्यता, अन्धविश्वास र अनौठो प्रयोगको आधार हो। चाडपर्वमा चङ्गा उडाउने चलन छ। दुःख, पीडा भुल्दै रमाउने माध्यम पनि हो चङ्गा। चङ्गा चेट प्रतियोगिता पनि हुन्थे। अचेल डिजिटल पुस्ता आयो। हातमा मोबाइल आयो। मोबाइलमा धेरै कुरा आए। हामीलाई यसले निहुरिने बनायो। यसैले आकाशतिर फर्केर चङ्गा उढाउने कार्यहरू हराउँदै गए। चाडपर्वमा चङ्गा उडाउने चलन पनि लगभग लोपोन्मुख छ।

**भेटघाट महोत्सव**

यसरी नेपालीको पहिलो र महान पर्व बडादसैं अचेल वश पुर्ख्यौली घर पुग्ने, ठूलाबडाबाट आशिष थाप्नेमा सीमित हुँदै गएको छ। मठमन्दिरमा लाग्ने मेला पनि पर्यटकीय प्रवर्द्धनमा सीमित हुन थालेका छन्। बडादसैंमा धार्मिक मठमन्दिरमा हुने मेला, बलीबारे नयाँ पुस्तालाई हामीले सुनाउन छाडेका छौं। उनीहरू सुन्न र बुझ्न छाडेका छन्। बडादसैं परिस्कृत हुन जरुरी छ। अनावश्यक बलीप्रथालाई हामीले हटाउँदै जानु पर्छ। चाडपर्व सभ्यताको मानक र सांस्कृतिक पाटो भने विस्तारै लोप हुँदैछ। हामी चाडपर्वलाई फगत आफन्त भेटघाट महोत्सवमा सीमित पारिरहेका छौं। चाडपर्वमा दिइने दक्षिणालाई पनि हामीले फेरेका छौं। दसैंमा छोरा, नातिलाई हामीले दक्षिणा दिन गर्थेनौं। तर अचेल सबै बराबरी भनेर दक्षिणा दिने गरेका छौं।

विस्तारै हामी राष्ट्रिय पर्व बडादसैंका केही मौलिकता मेट्दै गइरहेका छौं। दसैं गरिमा र महिमा अनि मौलिक पाटोमा नयाँ पुस्तालाई जोड्न सकिरहेका छैनौं। केही वर्षपछिका दसैं कस्ता होलान् ? घरमा जमरा राख्ने चलन हट्नेछ। फूलपाती भित्र्याउन छाडिसक्यौं। आँगनमा बोको, खसी काटिने छैन। धार्मिक शक्तिपीठहरू घुमामस्थलमा सीमित हुनेछ। अनि मौलिकता गुगलमा सीमित हुनेछ। पृथ्वीनारायण शाहले गोरखाबाट फूलपाती ल्याएर काठमाडौमा भित्र्याउने चलन अहिले पनि कायम छ तर यसको अर्थ धेरैलाई जानकारी हुन छाडेको छ।

**देउसीभैलो र भजनकीर्तन**

चाडपर्वकै कुरा गर्दा तिहारका बेला लक्ष्मीपूजाका दिनसम्म भैली खेल्ने र त्यसपछि देउसिरे खेल्ने प्रचलन थियो। अझ यसमा भजनकीर्तन पनि गर्ने सभ्यता थियो। अचेल देउसीभैलोको महिमा पनि बालबालिकाको मनोरञ्जनमा सीमित भएको छ। धार्मिक कथनहरूलाई भजनमा ढालेर गाउने प्रचल हट्दो छ। तिहारका बेला भैलोलाई पनि हामीले संरक्षण गर्न सकिरहेका छैनौं। देउसी रेलाई पनि विस्तार बिर्सदै गएका छौं। 'कात्तिके दान'को महिमा जोडेर एकादशीसम्म कतैकतै भजनकीर्तनसहित देउसिरे खेल्ने चलन पनि हराउन थालेको छ। चाडपर्वका नाममा बिदामा रमाउने, मोबाइलमा रत्तिने र डिजिटल पुस्ताको अभ्यस्तपनले हाम्रा चाडपर्वहरू मौलिकताविहीन हुँदै जान थालेका छन्। यसले चाडपर्वलाई इतिहासको गर्वतिर धकेलिरहेको छ भने हामी विश्वव्यापी गाउँको सदस्य हुने होडमा आफ्नो रीतिरिवाजलाई भुल्दैछौं।

**युवारहित गाउँ**

हामीसँग अब सहरलाई पठाउने युवा पुस्ता उत्पादन हुन छाडेको छ। अहिले मात्रै फाट्टफुट्ट युवा गाउँ आएर चाडपर्वको रौनक देखिएको हो। अब विस्तारै गाउँ खाली हुँदैछ। चाडपर्वमा युवापुस्ता गाउँ आउने होइन, गाउँमा भएका अभिभावक चाहीं सहर झर्ने क्रम शुरु भएको छ। सन्तानहरूले गाउँमा भएका आफ्ना अभिभावकलाई सहर बोलाउन शुरु गरेका छन्। जहाँ आफ्ना सन्तान, त्यहीं चाडपर्व। चाडपर्वको भाष्य पनि बदलिँदैछ। पहिला अभिभावक भन्थे, 'सन्तान आएपछि चाडपर्व आएजस्तो लाग्छ।' अचेल भन्न थालेका छन्, 'छोराछोरी सहरमै छन्, हामी पनि गएपछि चाडपर्व शुरु हुन्छ।' हो, अब सहरमै चाडपर्वको रौनक देखिनेछ। गाउँ आउने झन्झटभन्दा अभिभावकलाई सहर बोलाउने क्रम शुरु भएको छ। यो क्रम नेपालमा मात्र होइन, विदेशिएका सन्तानले पनि अब आफ्ना आमाबाबु उतै लैजान थालेका छन्। बसाइँ सरेरै युग बितिरहेको नेपाली पुस्ता पछिल्लो समय चाडपर्व लिएर गाउँ आइरहेका छैनन्, विस्तारै गाउँबाट चाडपर्वको रौनक पनि सहर र विदेशतिरै लगिरहेका छन्। यो क्रम हामीले रोक्न सकेनौं भने अब गाउँ युवारहित हुँदा हामी चाडपर्वको मौलिकता हराइरहेको भन्दै चिन्तन त गरिरहेका छौं, विस्तारै चाडपर्व नै मासिने अर्को खतरा पनि देखिन शुरु भएको छ। (लेखक पत्रकार हुनुहुन्छ)

## विश्व समाचार

### कूटनीतिज्ञ निष्कासनपछि भारत-क्यानाडा सम्बन्धमा दरार

नयाँदिल्ली २९ असोज (रासस/एएनआई)।

क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले क्यानाडामा निज्जरको हत्यामा भारतीय एजेन्टहरू संलग्न रहेको आरोप लगाउनुभएपछि भारत र क्यानाडाले कूटनीतिक सङ्कटको सामना गरिरहेका छन्। भारतले भने क्यानाडाको आरोपलाई आधारहीन तथा 'राजनीतिबाट प्रेरित' भन्दै अस्वीकार गरेको छ।

सन् २०२३ मा ब्रिटिस कोलम्बियामा खालिस्तानी आतङ्कवादी हरदीप सिंह निज्जरको हत्याको अनुसन्धानको सम्बन्धमा क्यानडाले सोमबार छ जना भारतीय कूटनीतिज्ञ तथा अधिकारीहरूलाई निष्कासन गरेको थियो। यसैगरी भारतले पनि भारतबाट क्यानाडाका कार्यवाहक उच्चायुक्त स्टेवार्ड रस ह्विलर, उपउच्चायुक्त प्याट्रिक हेबर्टलगायत छ जना क्यानाडाली कूटनीतिज्ञलाई निष्कासन गर्ने निर्णय घोषणा गरेको छ।

रोयल क्यानेडियन माउन्टेड प्रहरी आयुक्त माइक डुहेमले सोमबार भारत सरकारका एजेन्टहरूले गरेका केही आपराधिक गतिविधिका बारेमा जानकारी प्राप्त भएको दाबी गर्नुभएको छ।

उहाँले क्यानाडाका सम्बन्धित निकायले सफलतापूर्वक अनुसन्धान गरेको बताउँदै हत्या र हिंसाजन्य आपराधिक कार्यहरूमा उनीहरूको संलग्नता रहेको आरोप लगाउनुभयो।

सोमबारको विज्ञप्तिमा भारतले क्यानाडाको कूटनीतिक सञ्चारलाई अस्वीकार गर्दै भारतीय उच्चायुक्त र अन्य कूटनीतिज्ञहरू अनुसन्धानमा 'चासोका व्यक्तिहरू थिए' यसलाई 'निराधार आरोपहरू' र तथा जस्टिन ट्रुडो सरकारको राजनीतिक एजेन्डाको हिस्सा भनेको छ।

विदेश मन्त्रालय (एमइए) ले क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोको भारतप्रतिको शत्रुता लामो समयदेखि रहेको उल्लेख गर्दै क्यानाडा सरकारले आतङ्ककारीलाई 'क्यानाडामा भारतीय कूटनीतिज्ञ तथा नेताहरूलाई उत्पीडन र धम्की दिने ठाउँ प्रदान गरेको' जनाएको छ।

सन् २०२३ मा हरदीप सिंह निज्जरको हत्यापछि भारत-क्यानाडा सम्बन्ध थप चिसिएको छ भने नियमितका घटनाको शृङ्खलाले दुई राष्ट्रबीचमा तनावपूर्ण अवस्था सिर्जना भएको छ।

खालिस्तानी आतङ्कवादी हरदीप सिंह निज्जरलाई सन् २०२३ जुन १८ मा ब्रिटिस कोलम्बियाको गुरुद्वारा बाहिर गोली हानिएको थियो।

जि-२० शिखर सम्मेलनका क्रममा ट्रुडोसँगको वार्तामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले क्यानाडामा भएका भारतविरोधी गतिविधिहरूबारे चिन्ता व्यक्त गर्दै खतराहरूको सामना गर्न एक आपसमा सहयोग गर्न आवश्यक रहेको बताउनुभएको थियो।

सन् २०२३ को सेप्टेम्बर १८ मा ट्रुडोले हाउस अफ कमन्समा गुरुद्वारा बाहिर हरदीप निज्जरको हत्यामा भारत सरकारको संलग्नता रहेको खुलासा गर्नुभएको थियो।

त्यसपछिको समयमा भारतले यस मुद्दामा आफ्नो संलग्नतालाई अस्वीकार गर्दै आएको छ। विदेश मन्त्रालयले लिखित जवाफ दिँदै क्यानाडाले भारतविरोधी तत्वलाई निरन्तर स्थान दिएको जनाएको छ। क्यानाडाले हालसम्म निज्जरको हत्याको दाबीलाई समर्थन गर्ने कुनै प्रमाण प्रस्तुत गरेको छैन।

ट्रुडोले गत जुनमा निज्जरको हत्यामा भारत सरकारको संलग्नता रहेको आरोप लगाउनुभएपछि भारतले क्यानाडामा आफ्नो भिसा सेवा पनि निलम्बन गरेको थियो।

### लेबनानमा इजरायली आक्रमण तीव्र, हिजबुल्लाहमाथि दया नगर्ने प्रधानमन्त्री नेतान्याहूको प्रतिज्ञा

बेरूत, लेबनान, २९ असोज (रासस/एएफपी)।

इजरायली सेनाले मङ्गलबार पूर्वी लेबनानमा आक्रमण सुरु गरेको लेबनानको आधिकारिक सञ्चारमाध्यमले जनाएको छ। प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले हिजबुल्लाहप्रति कुनै दया नगर्ने वाचा गरेपछि दुई समूहबीच द्वन्द्व चर्किएको हो। प्रधानमन्त्रीको प्रतिज्ञा इरान समर्थित लेबनानी समूहले इजरायली आधारमा गरेको ड्रोन हमलामा चार सैनिक मारिएको एक दिनपछि आएको हो। "हामी बेरुतसहित लेबनानका सबै भागमा हिजबुल्लाहमाथि आक्रमण गर्न जारी राख्नेछौं", हाइफाको दक्षिणमा बिन्यामिना नजिकैको आधारको भ्रमणका क्रममा नेतान्याहूले भन्नुभयो।

हिजबुल्लाहले मङ्गलबार रब त्लातिन गाउँको बाहिरी भागमा हस्तक्षेप गर्न खोजिरहेका इजरायली सेनासँग झडप भएको जानकारी गराएको छ। इजरायलले गत महिना सीमापार भूमि सेना पठाउनु अघि लेबनानमा आफ्नो बम आक्रमण बढाएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार युद्धमा कम्तिमा एक हजार ३१५ जनाको मृत्यु भएको छ। लेबनानको आधिकारिक राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले रिपोर्ट गरेअनुसार इजरायलले मङ्गलबार बिहान पूर्वी बेका उपत्यकामा हवाई आक्रमणलाई तीव्र गरेको हो।

रेड क्रसको अन्तर्राष्ट्रिय समितिका क्षेत्रीय निर्देशक, निकोलस भोन आर्क्सले सोमबार एम्बुलेन्स र अन्य स्वास्थ्य सुविधाहरू र कर्मचारीहरूको सुरक्षाका लागि आग्रह गर्दै उनीहरूमाथि भएको आक्रमणलाई "चिन्ताजनक" विषय रहेको बताउनुभयो।

इजरायली आक्रमणले हिजबुल्लाहको गढ साथै लेबनानका अन्य भाग लक्षित आक्रमण सुरु गरेको छ, जसमा उत्तरी इसाई बहुल गाउँ पनि समावेश छ जहाँ सोमबार कम्तिमा २१ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

दक्षिणी सीमावर्ती सहर मर्जायुनका नागरिक सुरक्षा प्रमुख अनिस अबलाले उद्धारकर्ताहरू "थकित" भएको बताउनुभयो। "निरन्तर आक्रमणले हाम्रा उद्धार अभियानहरू झन् झन् कठिन हुँदै गइरहेका छन्", उहाँले भन्नुभयो।

लेबनानको स्वास्थ्य मन्त्रालयले गत हप्ता मध्य बेरुतमा भएको इजरायली आक्रमणमा कम्तीमा २२ जनाको ज्यान गएको जानकारी दिएको छ। आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठनको गत हप्ताको प्रमाणित तथ्याङ्कअनुसार लेबनानको युद्धले कम्तीमा छ लाख ९० हजार मानिस विस्थापित भएका छन्।

# मैथिल र नेपाल भाषाको समाचार सेवाको परीक्षण

काठमाडौँ, ९ असोज (रासस)।

राष्ट्रिय समाचार समिति (रासस)ले मंगलबारदेखि मैथिली र नेपाल भाषाको समाचार सेवाको परीक्षण शुभारम्भ गर्दैछ। मंगलबारसाँझदेखि ती दुवै भाषामा समाचार सेवा परीक्षणको रुपमा सुरुआत गर्न लागिएको हो।

गत माघदेखि स्थानीय 'अवधी' भाषा समाचार सेवा सञ्चालन गरिसकेको राससले मंगलबारबाट मैथिली र नेपाल भाषामा पनि समाचार सेवा प्रारम्भ गर्न लागेको हो। संविधानमा व्यवस्था भएअनुरुप राससले समावेशी चरित्रको रुपमा मातृभाषामा समाचार सेवा दिन सुरु गरिसकेको छ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले संविधानको भावनाअनुरुप राससलाई समावेशी बनाउने लक्ष्यका साथ थप दुई मातृभाषामा समाचार सेवा प्रारम्भ गर्न लागिएको बताउनुभयो। "संविधानले निर्दिष्ट गरेको समावेशी चरित्रको राज्य बनाउने दृष्टिकोणअनुसार राज्यका सबै संस्था र निकाय समावेशी बन्नुपर्छ। सोहीअनुरुप राससलाई पनि समावेशी बनाउने प्रयत्न हो", उहाँले भन्नुभयो, "मातृभाषामा समाचार प्रवाह भनेको सूचनाको हकको कार्यान्वयन पनि हो, सूचनाको हकसम्बन्धी ऐनले आम व्यक्तिले बुझ्ने भाषामा सार्वजनिक निकायको सूचना प्रवाह हुनुपर्छ भन्ने परिकल्पना गरेको छ। राससजस्ता संस्थाहरुले मातृभाषामा समाचार सम्प्रेषण गर्दा सम्बन्धित व्यक्तिहरुले आफूलाई आवश्यक परेका सूचना आफ्नै भाषामा प्राप्त गर्न पाउँदा सूचनाको हकको मर्म कायम रहन जान्छ।"

करिब दुई वर्षको अध्ययन-अनुसन्धानपछि नेपालमा दोस्रो धेरै वक्ता भएको मैथिली र अर्को महत्वपूर्ण नेपाल भाषामा रासस सेवा सुरु गर्न लागिएको उहाँले जानकारी दिनुभयो। राससले सुरुमा यो सेवा निःशुल्क उपलब्ध गराउनेछ।

# सवारी दुर्घटनामा तीन जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज।**

सर्लाही र महोत्तरीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ।

सर्लाहीको बसबरिया गाउँपालिका ६ पोखरीया टोलमा हिरापुरबाट मदनपुरतर्फ जाँदै गरेको मधेश प्रदेश ०२-००१ स ३०३० नम्बरको अटो अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा अटोमा सवार कविलासी नगरपालिका-३ बस्ने ३९ वर्षीय भुव नारायण राय यादवको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल मंलगवामा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका अटोमा सवार ६ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ। हाल फरार अटो चालकको प्रहरीले खोजी गरिरहेको छ।

यसैगरी सर्लाहीकै बागमती नगरपालिका-१२ बथानेस्थित सडकमा बथानेबाट बागमतीपुलतर्फ जाँदै गरेको प्र.२-०३००८ प ३८४७ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६० वर्षीय कृष्ण मोक्तानको सोमबार बेलुकी मृत्यु भएको छ।

ठक्करबाट गम्भीर घाइते भएका उनको बागमती मोडेल अस्पताल कर्मैया हुँदै एलएस न्यूरो बारामा थप उपचारको क्रममा मृत्यु भएको हो। मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यता महोत्तरीको बलवा नगरपालिका-८ बनौटास्थित सडकमा अध्यानपुरबाट जलेश्वरतर्फ आउँदै गरेको बीआर ३० एजी ७२७५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई मंगलबार बिहान दुर्घटना हुँदा मोटरसाइकलमा सवार जलेश्वर नगरपालिका-३ मलिवारा बस्ने २८ वर्षीय तनविर अन्सारीको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जलेश्वरमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकलाई सोही अस्पताल हुँदै थप उपचारका लागी जनकपुरतर्फ पठाइएको छ।

# नेपाल-भारत सीमा क्षेत्रमा गोली चल्यो

**दैनिक समाचारदाता**
**पर्सा, २९ असोज।**

नेपाल-भारत सीमा क्षेत्रमा मंगलबार गोलीको चलेको छ। वीरगन्ज रक्सौल नाकास्थित भारतीय सीमामा खटिएका भारतीय सीमा सुरक्षा बल एसएसबी जवानले गोली चलाएको हो।

घटनाको अनुसन्धान गर्न खटिएको नेपाल प्रहरीको टोलीमध्येका एक अधिकारी अनुसार एसएसबीसँगको सोधपुछमा आफूहरूले गोली चलाएको स्वीकार गरेका छन्।

उनका अनुसार सीमा क्षेत्रमा एक समूहसँग वादविवाद हुँदा आफूहरूले 'सेल्फ डिफेन्स' मा गोली चलाएको स्वीकारेका हुन्।

तर मितेरी पुल नजिकैबाट एसएसबीले गोली चलाएको प्रत्यक्षदर्शीहरू बताउँछन्। एक प्रत्यक्षदर्शीका अनुसार भारतीय एसएसबीले नेपाली भूमिमै छिरेर गोली चलाएका हुन। वीरगन्ज-रक्सौल नाकास्थितको मितेरी पुलको एरियाबाट नेपाली भू-भागमा प्रवेश गरेर एसएसबीले गोली चलाएको ती प्रत्यक्षदर्शी दाबी गर्छन्।

भारतीय भूमिमा पर्ने अहिरवा टोलाबाट एक समूहलाई लखेट्दै आएका एसएसबीका एक जवानले गोली चलाएको जनाइएको छ।

मंगलबार दिउँसो चलेको गोलीकाण्डबाट कुनै किसिमको मानवीय क्षति नभएको पर्सा प्रहरीले जनाएको छ। प्रहरीका अनुसार नेपालक-भारतको सीमा नजिकैबाट एउटा गोलीको खोका बरामद भएको छ।

घटनाबारे प्रहरीले सूक्ष्म अनुसन्धान गरिरहेको पर्सा प्रमुख कुमोध ढुंगेलले बताए। उनका अनुसार प्रहरीले अहिले विशेष टोली खटाएको छ। सो टोलीले सूक्ष्म अनुसन्धान गरिरहेको छ। रातोपाटीबाट


## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।


# तीन सय ८६ जनामा स्क्रब टाइफस

चितवन, २९ असोज (रासस)।

यहाँ विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये तीन सय ८६ जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको छ। साउनयता दुई हजार १४४ जनाको परीक्षणका क्रममा सो संख्यामा सङ्क्रमण पुष्टि भएको हो।

सङ्क्रमितमध्ये एक सय ९६ जना चितवनका र एक सय ९० जना जिल्लाभन्दा बाहिरका रहेका जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत विमल पट्टेलले जानकारी दिनुभयो। सङ्क्रमितमध्ये सो अवधिमा एक जनाको मृत्यु भएको उहाँले बताउनुभयो।

जिल्लामा सबैभन्दा बढी भरतपुर महानगरपालिकामा सङ्मित देखिएका छन्। पट्टेलका अनुसार भरतपुर महानगरपालिकामा ९०, रत्ननगरमा ३३, राप्तीमा २०, खैरहनीमा १७, कालिका नगरपालिकामा ११ र माडी नगरपालिकामा सात तथा ईच्छाकामना गाउँपालिकामा १८ जनामा सङ्क्रमण देखिएको छ।

स्क्रब टाइफस ओरिएन्टा सुसुगामुसी नामक जीवाणुबाट हुने सङ्क्रामक रोग हो। साधारणतया यो जीवाणुले मानिसलाई प्रत्यक्ष असर नपारी झाडीमा पाइने किर्ना (माइट्स) लाई सङ्क्रमण गर्छ। सोही सङ्क्रमित किर्ना मुसालगायत अन्य जनावरका शरीरमा बस्छन्। सङ्क्रमित किर्नाले टोकेको मुसा वा जनावर मानिसको सम्पर्कमा आएर शरीरमा टाँसिए वा टोकेमा स्क्रब टाइफस सर्ने गरेको चिकित्सकहरू बताउँछन्।

यो रोगबाट सङ्क्रमित मानिसमा उच्च ज्वरो आउने, आँखा रातो हुने, खोकी लाग्ने, वान्ता हुने, पेट दुख्ने, पखाला लाग्ने, श्वास फेर्न गाह्रो हुने, टाउको, जोर्नी तथा मांसपेशी दुख्ने, शरीरमा बिमिरा देखिने र टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने जनस्वास्थ्य अधिकृत पट्टेलले बताउनुभयो। यस रोगको सङ्क्रमणबाट जोगिन झाडीमा नजाने, शरीर ढाक्ने गरी लामो कपडा लगाउने, मुसा तथा सङ्क्रमित जनावरसँग टाण रहने जस्ता सावधानी अपनाउन उहाँले आग्रह गर्नुभयो।

## चिसो बढ्दै,...

अधिकांश स्थानमा ह्वात्तै तापक्रम घटेको छ। मौसमविद् अधिकारीले दुई सातामा ५ डिग्री तापक्रम घट्नुले चिसो बढाएको देखिएको उहाँको भनाइ छ। पोस्ट मनसुनपछि चिसो मौसम सुरु हुने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ।

लुम्बिनी, सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशमा पश्चिमी वायुको प्रभाव सामान्य र कोशी प्रदेश, मधेस र बाग्मती प्रदेशमा आंशिक प्रभाव पर्नुका साथै स्थानीय वायुको पनि आंशिक प्रभाव रहेको महाशाखाले जनाएको छ।

मंगलबार दिउँसो कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहनेछ। तीनवटै प्रदेशको पहाडी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित हल्का वर्षाको सम्भावना छ। रातिको समयमा पनि कोशी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना छ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश



## विपद्बाट बचौं र बचाऔं

विपद् आकस्मिकरुपमा आउने हुँदाः

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
- समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्सलगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- बिपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, बृद्धबृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- बिपत्तिमा परेकालाई उद्दार र पुनर्स्थापनामा सहयोग गरौं,
- बिपद्सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*